# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ७, भागः२ मितिः२०८०/०९/२२ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

कञ्चन गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम कञ्चन गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ।

**कार्यविधिको नाम** : **कञ्चन गाउँपालिकाको स्वयम् हेरचाह समूह गठन, व्यवस्थापन तथा परिचालन कार्यविधि, २०८०**

गाउँ कार्यपालिकाबाट स्विकृत मिति : २०८०/ ०९ /२०

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## परिचय

नेपाल जस्तो विकासोन्मुख मुलुकमा उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित, उपचारमा रहेका वा सो को कारणले अपाङ्गता भएका व्यक्तिहरुको समुहगत रुपमा स्वयम् हेरचाह गर्न, आय आर्जनका कृयाकलापमा सीप विकास गरी व्यवसाय सञ्चालन गर्न, वचत जम्मा गरी स्वाबलम्बी बन्न, रोग प्रतिको भेदभाव तथा लाञ्छनामा कमि ल्याउन र सामाजिक रुपले पुनर्स्थापना गर्नका लागी अति प्रभावित जिल्ला तथा स्थानीय तहहरुमा समुह गठन गर्न आवश्यक रहेको छ। जुन आवश्यकतालाई मूर्त रुप दिनका लागि फाईलेरियाको विरामीपन व्यवस्थापन तथा अपाङ्गता रोकथाम निर्देशिका २०७६ ले समुदाय स्तरमा एकिकृत रोग व्यवस्थापन, कुष्ठरोग नियन्त्रण राष्ट्रिय कार्य सञ्चालन निर्देशिका २०७५, शुन्य कुष्ठ रोगका लागि राष्ट्रिय मार्ग चित्र २०२१-३० तथा राष्ट्रिय कुष्ठरोग रणनिति तथा योजना २०७८ देखि २०८२ का ४ वटा खम्वा मध्ये खम्बा नं. ४ मा सामाजिक सहयोग तथा पुर्नस्थापनाका लागि तहगत उत्तरदायित्व मध्ये स्थानीय तहबाट स्वयम् हेरचाह समुह गठन तथा कृयाशीलता गराउने भनी उल्लेख गरेको छ।

यस सन्दर्भमा समुह गठन देखि लिएर सञ्चालन तथा संस्थागत विकासको अवस्थासम्म नपुगेसम्म अत्यन्त सावधानी अपनाउनु पर्ने देखिन्छ। अलिकति समय बढी नै लगाएर भए पनि समुहले मुर्तरुप पाउनु पर्छ। समूहमा हुँदा हुने फाईदा र त्यसको महत्व बुझेर स्वत: स्फूर्त रुपमा समूहमा आवद्ध भएमा मात्र दिगो र स्वावलम्बी समुह हुन सक्छ। समूह गठन भए पछि समूह भित्र गरिने स्वयम् हेरचाहको नियमितता, आय आर्जनका लागि गरिने कृयाकलाप, त्यसको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, हित-कोषको व्यवस्थापन तथा परिचालनका साथै नियमित वैठक सञ्चालन जस्ता कार्यहरु सही अर्थमा सञ्चालन भयो भने मात्र समूह गठनको सान्दर्भिकता रहन सक्छ। हाम्रो जस्तो सीमित जनशक्ति र साधन श्रोत भएको देशमा यस्ता व्यक्ति/वर्ग बीच यथोचित सेवा पुर्याउन कठिन र बढि खर्चिलो हुने हुदा स्वयम् हेरचाह समूह मार्फत घरघरमा सेवा प्रवाह गर्ने उपयुक्त माध्यम हुन सक्छ।

## प्रस्तावना:

उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित व्यक्तिहरुले आफ्नो दैनिक स्वयम् हेरचाहविधिबाट अपाङ्गता हुनबाट बच्न, समाजमा लुकेर बसेका रोगीहरुको पहिचान गर्न, आफ्ना समस्याहरु कम गर्न, मानसिक तनाव घटाउन, एक्लोपनाको महशुस कम गर्न, एक आपसमा दुःख सुःख साटासाट गर्न, सामुहिक र सामाजिक लाभ लिन, आफ्नो समस्याहरुको समाधान गर्न, गरीबी र सामाजिक असमानता तथा भेदभाव हटाउन, आय आर्जनमा वृद्धि गर्न, नियमित बचत संकलनबाट आत्मनिर्भर हुनका लागि **कञ्चन गाउँपालिका कार्यलयबाट** स्वयं हेरचाह समूह गठन, ब्यबस्थापन तथा परिचालन कार्यविधि, २०८० कार्यान्वयनको लागि तयार गरिएको छ।

## परिच्छेद १ प्रारम्भिक:

**१. संक्षिप्त नाम र प्रारम्भ** :

क. यस कार्यविधिको नाम “ स्वयं हेरचाह समूह गठन, ब्यबस्थापन तथा परिचालन कार्यविधि २०८० हुनेछ।
ख. यो कार्यविधि कञ्चन गाउँकार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषा**: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क. समूह भन्नाले यस कार्यविधिमा उल्लेखित उपेक्षित उष्ण प्रदेशीय रोगहरु मध्ये कुष्ठरोग, हात्तिपाईले र सर्पदंशबाट प्रभावित व्यक्तिहरु, उपचारमा रहेका ब्यक्तिहरु वा सो को कारणले अपाङ्गता भएका व्यक्तिहरु जसले स्वयम् हेरचाह गर्न र कुनै व्यवसायमूलक कार्यद्वारा आय आर्जन गरी आत्म निर्भर गर्न ईच्छुकहरुको समुहलाई जनाउनेछ।
ख. "सदस्य" भन्नाले यस कार्यविधि अनुसार गठन भएका समूहका सदस्यलाई बुझाउछ ।
ग. "कार्य समिति" भन्नाले कार्यविधि अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउनेछ।
घ. "संरक्षक समिति" भन्नाले दफा २० बमोजिम गठित समितिलाई जनाउनेछ।
ङ. "साधारणसभा" भन्नाले दफा ११ बमोजिम गठित सभालाई जनाउनेछ।
च. "हितकोष" भन्नाले समूहलाई स्वाबलम्बी बनाउन समुहले नियमित रुपमा संकलन गरेको, अन्य निकाय/संस्थाबाट आय-आर्जनमा सघाउ पुर्याउने उद्देश्यले उपलब्ध गराउने अनुदानलाई बुझिने छ।
छ. गाउँपालिका भन्नाले कञ्चन गाउँपालिकालाई जनाउने छ।
ज. "संस्था" भन्नाले गाउँपालिका क्षेत्रमा उपेक्षित उष्ण-प्रदेशीय रोगका विषयमा क्रियाशील राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थालाई जनाउनेछ।

३ **समूहको छाप**: अनुसूची १ मा उल्लेख गरे बमोजिमको हुनेछ।

४ **समूहको कार्यालय**: कञ्चन गाउँपालिका क्षेत्र भित्र आफ्नै कार्यालय हुनेछ।

५ **समूहको दर्ता**: **यस कार्यविधि बमोजिम गठन हुने** समूहहरु गाउँपालिकाको स्वास्थ्य शाखामा दर्ता र नविकरण गर्नु पर्नेछ। यस अघि अन्य शाखामा दर्ता भएका यस प्रकृतिका समुहहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम दर्ता भएको मानिनेछ।

**समूह दर्ताका लागि आवश्यक कागजातहरू तपसिल बमोजिम हुनु पर्नेछ।**

क. समूह गठन भएको निर्णय पुस्तिका (माइन्युट) प्रतिलिपि १ थान

ख. अनुसुची ४ बमोजिमको निवदेन सहित दर्ताको लागि अनुरोध गरिएको बैठकको निर्णयको प्रतिलिपि १ थान

ग. सम्वन्धित वडा कार्यालयको सिफारिस

घ. समूहको बिधानको प्रमाणित २ प्रति

ङ. समूहका प्रत्येक सदस्यको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १/१ थान

च. समूह दर्ताका लागि न्यूनतम १५ जना सदस्य रहेको हुनु पर्ने र १५ जनाको व्यक्तिगत विवरणः नाम, ठेगाना, पासपोर्ट साईजको फोटो, रोग तथा अपागंता प्रकारको विवरण र हस्ताक्षर भएको फारम बनाई भरेको विवरण संलग्न गर्ने ।

छ. समूहले १ वर्षमा गर्ने कामको खाका (कार्य योजना) १ प्रति

ज. दर्ताको लागि अधिकार प्रदान गरेका व्यक्तिको नाम सहितको समुहको अख्तियारी पत्र १ प्रति

झ. अन्य तोकिए अनुसारका कागजातहरू

ञ. सबै कागजातहरू १ वटा फाइल तयार गरी स्वास्थ्य शाखामा पेश गर्ने ।

६ **समूह दर्ताको प्रकृया**: सम्बन्धित समूहले दफा नं. ५ मा उल्लेखित कागजातहरू सहित निबेदन दिई पश्चात स्वास्थ्य शाखाले अध्ययन गरी रित पुगेको खण्डमा अनुसूची ३ बमोजिम दर्ता भएको प्रमाणपत्र प्रदान गर्नेछ ।

७ **समूहको उद्देश्य**:

समुहका सदस्यहरुको स्वयम् हेरचाह-मार्फत स्वस्थ्य रहन, अपाङ्गताबाट बच्न, रोग प्रतिको भेदभाव तथा लाञ्छनामा कमि ल्याउन, सामाजिक रुपले पुनर्स्थापना गर्न, आयआर्जनबाट आर्थिक उन्नती, कृषि तथा पशुजन्य ब्यवसायिकताको हितलाई ध्यानमा राखी समूहको देहाय बमोजिमको उद्देश्यहरु हुनेछ:

क. उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट हुन सक्ने संभावित जोखिमको स्वयं हेरचाह मार्फत अपाङ्गता रोकथाम तथा न्यूनिकरण गर्ने ।

ख. समूह गठन, आयआर्जनका क्रियाकलापहरु सञ्चालन तथा सामुहिक बचत गरी स्वरोजगार/ आत्म निर्भर बनाउने र सामाजिक रुपले पुनर्स्थापना गराउने ।

ग. सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर माथि उठाउने ।

घ. समूहगत रुपमा भएको स्वयम् हेरचाह र आय आर्जनका गतिविधिहरुको अभिलेख राखी नियमित अद्यावधिक गर्ने र अनुगमन गर्ने गराउने ।

ङ. सदस्यहरुमा पारस्परिक सहयोग, मनो-सामाजिक सहयोग, मितब्ययी तथा मर्यादित सामाजिक भावनाको बिकास गर्ने गराउने ।

**८ समूहको कार्यहरु:** स्वयम् हेरचाह समूहका सदस्यहरुलाई एकताबद्ध गराई उनीहरूको स्वास्थ्य समस्याका समाधान तथा सामाजिक सवालहरुको पैरवी गर्न मद्दत पुर्याउन समूहले देहाए बमोजिमको कार्य गर्नेछ ।

क. स्वस्थ रहनका लागि उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित भएका व्यक्तिहरुको स्वयम् हेरचाह दैनिक रुपमा गर्ने;

ख. कुष्ठरोगी, हात्तीपाईले तथा उक्त कारणले अपागंता भएका व्यक्तिहरुलाई समाजले हेर्ने नकारात्मक दृष्टिकोणमा परिवर्तन ल्याउन तथा उनीहरु माथी हुने विभेद हटाउन संगठित रुपमा कार्य गर्ने;

ग. उपेक्षित उष्ण-प्रदेशीय रोगहरुको कारणले अपाङ्गता हुन सक्ने संभावित जोखिमबाट बचाउन प्रबर्द्धनात्मक कार्य गर्ने;

घ. आयआर्जनका कृयाकलापमा सहभागी भई आर्थिक सुदृढिकरणमा सघाउ पुर्याउने;

ङ. रोग लुकाउने प्रवृति हटाउन, समयमा नै रोगको निदान गरी उपचार गर्ने, स्वास्थ्य सम्बन्धी सचेतना फैलाउने;

च. सहयोगी भावना, सामूहिक कार्य तथा सामाजिक कृयाकलापहरुमा भाग लिने;

छ. सदस्यहरुको सिपमा वृद्धि गर्नका लागी अन्य कार्यक्रमहरु तर्जुमा गरी संचालित गर्ने;

ज. सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका कृयाकलापहरु सञ्चालन गर्ने;

झ. सदस्यहरु वीच स्वाबलम्बन, पारस्परिक सहयोग एवं मितब्ययी भावनाको विकास गर्ने;

ञ. समूहका सदस्यहरुले बचत वृद्धि कार्यक्रमबाट आफ्नो उत्पादनशील आयमुलक एवं सिपमुलक कृयाकलापको लागी सरल रुपमा सापटी लिई आय आर्जनका कार्यहरु गर्ने;

ट. समूहको हितको लागी हित कोषको स्थापना गर्ने र कोषको प्रभावकारी परिचालन गर्ने;

ठ. समूहको उद्धेश्य पुरा गर्न समान उद्देश्य भएका स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय सघं संस्थाहरुसगँ समन्वय, सहयोग, सहकार्य गर्ने;

## परिच्छेद दुई

## सदस्यता

९. उपेक्षित उष्ण प्रदेशीय रोगहरु मध्ये कुष्ठरोग, हात्तीपाईले र सर्पदशंबाट प्रभावित, उपचारमा रहेका व्यक्तिहरु र अपाङ्गता भएका ईच्छुक व्यक्तिहरुलाई समूहको सदस्यता प्रदान गर्न सकिनेछ।

**१०. देहाय बमोजिमका व्यक्तिहरु समुहको सदस्य हुन सक्नेछन**।

**क.** उपेक्षित उष्ण प्रदेशीय रोगहरु मध्ये कुष्ठरोग, हात्तीपाईले र सर्पदशंबाट प्रभावित भएको वा उपचारमा रहेको।

**ख.** उपेक्षित उष्ण प्रदेशीय रोगहरु मध्ये कुष्ठरोग, हात्तीपाईले र सर्पदशंबाट प्रभावित वा अपाङ्गता भएको।

**ग.** समूहको उद्देश्य तथा कार्यविधि अनुरुप कार्य गर्न ईच्छुक भएको।

**घ.** सदस्यताको लागी १६ उमेर पुरा भएको। तर उपेक्षित उष्ण प्रदेशीय रोगहरु मध्ये कुष्ठरोग, हात्तीपाईले र सर्पदशंबाट प्रभावित वा उपचारमा रहेको व्यक्ति १६ बर्ष भन्दा मुनि भए निजको संरक्षण गर्ने एकाघरको अभिभावक पनि समूहको सदस्य हुन सक्नेछन् तर १८ बर्ष पुगी सके पछि स्वयम् प्रभावित व्यक्तीलाई सदस्य मानी अभिभावक सदस्य बन्न पाउने छैन।

**ङ.** यस अघि समुह गठन भइ सदस्य भएकाको हकमा यसै बमोजिम भएको मानिने छ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## परिच्छेद तीन

## साधारण सभा:

### ११. साधारण सभा

**क.** समूह दर्ता भएको पहिलो १ बर्ष भित्र त्यस पछि आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिना भित्र समूहको साधारण सभा गर्नु पर्नेछ यदी कुनै विषेश कारणवस साधारणसभा हुन नसकेमा स्वास्थ्य शाखामा सो को कारण खुलाई शाखाबाट अनुमती लिई तोकेको समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

**ख.** यस समूह को सदस्यता प्राप्त सम्पूर्ण व्यक्तिहरु साधारण सभाको सदस्य हुनेछन् । साधारण सभा समूहको सर्बोच्च निकाय हुनेछ । यसले प्रचलित कानुनको अधिनमा रही आफ्नो विधान पारित एवं संशोधन गर्न स्वास्थ्य शाखामा पेस गर्नेछ ।

**ग.** बिशेष परिस्थितिमा समूहको निर्णय एबं एक चौथाई सदस्यको लिखित निबेदन परेमा जुनसुकै बेला विशेष साधारण सभा बोलाउन सकिनेछ ।

**१२. साधारण सभाको गणपुरक संख्या**: समूहको साधारण सभाको वैठक कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ । साधारण सभाको बैठकमा ५१ प्रतिशत उपस्थिति नभई पुन अर्को साधारण सभा बोलाउनु परेमा कम्तिमा ३ दिनको समय दिई अर्को साधारण सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सभाको सदस्यको २५ प्रतिसत उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

**१३. साधारण सभाको सूचना**: कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षसगँ परामर्श लिई लिखित सूचनाद्वारा कम्तिमा १ हप्ता अघि सम्पूर्ण सदस्यलाई साधारण सभा बस्ने मिति, समय, स्थान र एजेन्डाहरुवारे जानकारी गराउनु पर्नेछ ।

### १४. साधारण सभाको काम, कर्तब्य र अधिकार:

क. प्रत्येक ३ बर्षमा कार्य समितिको निर्वाचन गर्ने ।

ख. आवश्यक परेमा वा समयानुसार विधानको संसोधन एबम परिमार्जन गर्ने ।

ग. बार्षिक बजेटको अनुमोदन गर्ने ।

घ. समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

ङ. समूहको वार्षिक कार्य योजना बनाउने ।

च. प्रभावित व्यक्तिहरुको स्वयम् हेरचाह, उपचारमा रहेका व्यक्तिहरुको सहयोग, नयाँ विरामीहरु खोज् तलास, उपेक्षित उष्ण प्रदेशीय रोगहरु मध्ये कुष्ठरोग, हात्तीपाईले तथा सर्पदंश सम्वन्धी स्थानीय, प्रदेश तथा राष्ट्रिय कार्यक्रमहरु अनुकुल हुनेगरी कार्ययोजना निर्माण गर्ने

छ. स्वास्थ्य संस्थासंग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रम बनाउने ।

ज.  आय आर्जन तथा सीप विकाससंग सम्बन्धी योजनाहरु बनाउने।

झ. उपेक्षित उष्ण-प्रदेशीय रोगबाट प्रभावित र विरामीको पुनर्स्थापनाका लागी सरोकारवाला निकायसंग समन्वय, सहकार्य गर्ने जस्तैः परिचय पत्र, आयआर्जन, व्यवसायिक तालिम, छात्रवृति, रोजगारी र शारीरिक पुनर्स्थापनाका कार्यक्रमलाई विशेष प्राथमिकता दिने।

ञ. कुष्ठ रोग तथा हात्तीपाइले रोगबाट प्रभावित भई अपांगता भएका सदस्यका लागि नेपाल सरकारको अपाङ्गता परिचय पत्र, सेवा सुविधा र स्थानीय तहमा अपाङ्गता सम्वन्धी सघं सस्थामा प्रतिनिधित्व, नेतृत्व, व्यवसायिक क्षमता अभिवृद्धिमा पैरवी तथा समन्वय गर्ने।

**१५. कार्य समितिको गठन विधि**:

क. प्रत्येक ३ बर्षमा साधारण सभाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र ४ जना सदस्यहरु रहेको कार्य समितिको निर्बाचन गर्नेछ ।

ख. कार्य समितिका पदाधिकारी एबम सदस्यहरुको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नेछ।

ग. कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि ३ वर्षको हुनेछ।

घ. कार्य समितिको कुनै पद रिक्त भएमा साधारण सदस्य मध्येबाट कार्य समितिले मनोनित गर्न सक्नेछ।

ङ. कार्य समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत उपस्थितिलाई गणपुरक संख्या पुगेको मानिनेछ।

च. कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष मध्ये कम्तिमा २ पदमा महिला अनिवार्य रुपमा हुनु पर्नेछ। र लक्षित वर्गको महिला साधारणसभाको सदस्य नभएमा यो वुदालाई अनिवार्य लागु हुने छैन ।

**१६. कार्य समितिको काम**, **कर्तव्य तथा अधिकार** :कार्यसमितिको काम कर्तब्य र अधिकार देहाए बमोजिम हुनेछ।

क. समूहको प्रत्येक सदस्यहरुले स्वयम् हेरचाह गरे नगरेको सुनिश्चित गर्ने र यदि नगरेको भए गर्न लगाउने;

ख. समूहका सदस्यहरु बिच सामूहिकता, आत्मीयता र साझा चासोका आधारमा स्वयम् हेरचाह समूहका सम्भावित सदस्यहरूको पहिचान गर्ने, समूहमा बस्दा हुने फाइदा बारेमा विश्वस्त पार्ने र समूह गठन गर्न सहयोग गर्ने

ग. समूह गठन गर्दा कुष्ठरोग प्रभावित वा उपचारमा रहेका, हात्तीपाईले रोगबाट प्रभावित, उक्त रोगबाट अपाँगता भएकाहरुलाई मुख्य प्राथमिकता दिई सदस्यता प्रदान गर्ने

घ. प्रत्येक स्वयम् हेरचाह समूहबाट १ जना स्वयंसेवक छनौट गरी परिचालन गर्ने

ङ. छनौट भएको स्वयंसेवकले स्वयम् हेरचाह सम्वन्धी ज्ञान तथा सीप प्रभावित व्यक्तिको घर वा समूहमा गई प्रदान गर्ने र समूहलाई सशक्तिकरण गर्न सघाउ पुर्याउन लागाउने

च. उपेक्षित उष्ण प्रदेशीय रोग मध्ये कुष्ठरोग, हात्तीपाईले र सर्पदशंबाट प्रभावित र विरामीको पुनर्स्थापनाका लागी सरोकारवाला निकायसगँ समन्वय, सहकार्य गर्ने जस्तैः परिचय पत्र, आयआर्जन, व्यवसायिक तालिम, पारिवारिक छात्रवृती, रोजगारी र शारिरीक पुनर्स्थापनाका कार्यक्रमलाई विशेष प्राथमिकता दिने

छ. कुष्ठ प्रभावितको लागी नेपाल सरकारको अपाङ्गता परिचय पत्र, सेवा सुविधा र स्थानीय तहमा अपाङ्गता सम्वन्धी सघं सस्थामा प्रतिनिधित्व, नेतृत्व, व्यवसायिक क्षमता अभिवृद्धिमा पैरवी तथा समन्वय गर्ने

ज. समुदायमा रहेका अति-गरीबहरुको सन्दर्भमाअनुसूचिमा उल्लेख भएको मापदण्डका आधारमा समूहमा समावेश गर्ने ।

**१७. समूहको वैठक** : समूहको नियमित वैठक प्रत्येक महिनामा एक पटक बस्नेछ । समूहको वैठकहरु कार्य समितिले तय गरेको मिति, समय र स्थानमा नियमित रुपमा बस्नेछ । बिशेष परिस्थिति बाहेक बैठकमा भाग लिन असमर्थ हुँदा त्यस्तो सदस्यले समूहलाई पूर्ब सूचना दिनु पर्ने छ ।

**१८. समूहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

**क.** नियमित रूपमा समूहको बैंठक र साधारण सभा बोलाउने

**ख.** समूहको बैंठकको अध्यक्षता गर्ने तथा बैठकलाई नियन्त्रण गर्ने ।

**ग.** समूहको प्रमूखको हैसियतले वार्षिक कार्ययोजनाको कार्यान्वियन एवं समुह परिचालनका लागी नेतृत्व प्रदान गर्ने ।

**घ.** समूहका सदस्यहरुलाई  क्रियाशिल गराउने र स्वयम् हेरचाह गर्नका लागी आवश्यक कार्य गर्ने ।

**ङ.** समूहको उद्देश्य प्राप्तिका लागी सक्रियतापूर्वक लाग्ने ।

**च.** कुनै विषयमा मतदान हुदा मत बराबर भएमा निर्णायक मत दिने ।

**छ.** कार्यविधिमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने ।

**ज.** कुनै पनि पूर्बाग्रहको भावना नराखी सबैलाई समान र निष्पक्ष व्यवहार गर्ने ।

**झ.** समूहमा आवश्यकता अनुसार कार्य विभाजन गरी सदस्यहरूलाई काममा लगाउने, जिम्मेवारी दिने ।

**ञ.** समूहका सदस्यहरुले आफै वा परिवारको सहयोगमा स्वयम् हेरचाह गरे नगरेको नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

**ट.** समूहको प्रमुखको हैसियतले सम्पूर्ण जिम्मेवारी बहन गर्ने ।

**ठ.** अन्य सघं संस्था वा समूहसँग सम्पर्क/समन्वय गरी सहयोगको आदान-प्रदान गर्ने ।

**ड.** समूहको निर्णय, कार्यक्रम, कृयाकलाप तथा समस्याहरुको अभिलेखिकरण राख्न सचिवलाई सहजिकरण गर्ने ।

**ढ.** स्वयम् हेरचाह समुह, गाउँपालिकाको सम्वन्धित निकायहरु तथा गैरसरकारी संस्थाहरूसँग सम्पर्क व्याक्तिको रुपमा काम गर्ने ।

**ण.** समूहको वैठकमा भएका निर्णय, वार्षिक साधारण सभाका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने ।

**त.** उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसँग सम्बन्धित दिवस मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने ।

**थ.** उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसगँ सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने ।

**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

क. अध्यक्षसँग सर–सल्लाह गरी कार्य विभाजनको आधारमा अध्यक्षको काममा साझेदारी गर्ने र सहयोग पुर्याउने ।

ख. समूहको दोस्रो प्रमूख व्यक्तिको रूपमा जिम्मेवारी लिने दिने ।

ग. अध्यक्षको अनुपस्थितिमा नीति नियम तथा विनियम अनुसार अध्यक्षले गर्दै आएका सम्पूर्ण कार्यहरू गर्ने/गराउने ।

घ. समूहमा सक्रियपूर्वक कार्य गर्ने र आफूले स्वयम् हेरचाहको कार्यलाई नमूनाको रूपमा गर्ने ।

ङ. स्वयम् हेरचाह समूहलाई अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग सम्पर्क र समन्वय गरी समूहका सदस्यहरुको मानसिक, शारिरिक, सामाजिक तथा आर्थिक असमर्थताको पाटोलाई न्यूनीकरण गर्न, उनीहरुको जीवन पद्धतिमा सुधार ल्याउन, स्वस्थ्यकर जीवनयापन विताउन तथा समुदायमा घुलमिल/पुर्नस्थापना गर्ने कार्यमा सहजीकरण गर्ने ।

च. उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित दिवश मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने ।

छ. उपेक्षित उष्ण प्रदेशीय रोगहरुसंग सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने ।

ज. कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार**

क. अध्यक्षको परामर्शमा समूहको नियमित बैंठक महिनामा एक पटक अनिवार्य रुपमा बोलाउने ।

ख. बैठकको तयारी गर्ने ।

ग. बैंठकमा प्रस्तावहरू सङ्कलन गरी छलफल गराउने ।

घ. बैंठकको सञ्चालन तथा निर्णय पुस्तिकामा निणर्यहरू उतार गर्ने ।

ङ. समूहका सम्पुर्ण कागजातहरु सुरक्षित राख्ने ।

च. समूहको वैठक तथा साधारण सभाबाट पारित निर्णयको कार्यान्वयनका लागी पहल गर्ने ।

छ. समूहको वार्षिक प्रगति प्रतिवेदन तयार गरी साधारण सभामा पेश गर्ने ।

ज. समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।

झ. समूहका सम्पूर्ण प्रशासनिक कार्यहरूको जिम्मेवारी निर्वाह गर्ने ।

ञ. सम्बन्धित कार्यालय तथा निकायहरूमा आवश्यक अनुसार पत्राचार गर्ने ।

ट. सूचना प्रवाह गर्ने र आफूले पनि स्वयम् हेरचाहको कार्यलाई नमूनाको रूपमा गर्ने ।

ठ. सचिबको हैसियतले समूहका सम्पूर्ण कार्यहरूको नियमित अनुगमन तथा रेखदेख गर्ने ।

ड. स्वयम् हेरचाह समूहलाई अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग सम्पर्क र समन्वय गरी समूहका सदस्यहरुको मानसिक, शारिरिक, सामाजिक तथा आर्थिक असमर्थताको पाटोलाई न्यूनीकरण गर्न, उनीहरुको

जीवन पद्धतिमा सुधार ल्याउन, स्वस्थ्यकर जीवनयापन विताउन तथा समुदायमा घुलमिल/पुर्नस्थापना गर्ने कार्यमा सहजीकरण गर्ने ।

ढ. उपेक्षित उष्ण प्रदेशीय रोगहरुसंग सम्बन्धित दिवस मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने ।

ण. उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने ।

त. कार्य समितिले तोकेको कार्य गर्ने ।

## ४) सह-सचिवको काम, कर्तव्य र अधिकार

क. सचिवको अनुपस्थितिमा सचिवले गर्दै आएका सम्पूर्ण कार्यहरू गर्ने/गराउने ।

ख. सचिबले बैंठकको सञ्चालन गर्दै गर्दा निर्णय पुस्तिकामा निणर्यहरू उतार गर्न सहयोग गर्ने ।

ग. सम्बन्धित कार्यालय तथा निकायहरूमा आवश्यक अनुसार पत्राचार गर्न सहयोग गर्ने ।

घ. सूचना प्रवाह गर्ने र आफूले पनि स्वयम् हेरचाहको कार्यलाई नमूनाको रूपमा गर्ने ।

ङ. सह-सचिबको हैसियतले समूहका सम्पूर्ण कार्यहरूको नियमित अनुगमन तथा रेखदेख गर्ने ।

च. स्वयम् हेरचाह समूहलाई अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग सम्पर्क र समन्वय गरी समूहका सदस्यहरुको मानसिक, शारिरिक, सामाजिक तथा आर्थिक असमर्थताको पाटोलाई न्यूनीकरण गर्न, उनीहरुको जीवन पद्धतिमा सुधार ल्याउन, स्वस्थ्यकर जीवनयापन विताउन तथा समुदायमा घुलमिल/पुर्नस्थापना गर्ने कार्यमा सहजीकरण गर्ने ।

## (५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

क. समूहको हिसाब किताब पारदर्शी ढङ्गले राख्ने ।

ख. समूहको नगद रकम वा जिन्सीहरु तथा सम्पूर्ण सम्पत्तिको सुरक्षा जिम्मा लिई बैंक तथा स्टोरमा राख्ने ।

ग. कार्यालयका सम्पूर्ण खाता-पाताको जिम्मेवारी लिने ।

घ. समूहको अध्यक्ष वा सचिवसँग मिली खाता सञ्चालन गर्ने ।

ङ. हिसाब किताब राखी समूहको बैठकमा सुनाउने ।

च. समूहको विउ पुंजी तथा आकस्मिक कोषमा भएको रकम नियमित उठाउने, फरफारक गर्न र समय-समयमा समितिलाई जानकारी दिने ।

छ. समूहको विउ पूँजी तथा आकस्मिक कोषको व्यवस्थापन गर्ने ।

ज. समूहको सवै कोषको हिसाव-किताव सुरक्षित र दुरुस्त राख्ने ।

झ. सम्पत्ति तथा जिन्सी खरिद बिक्री गर्नु परेमा नियम अनुसार गर्ने गराउने ।

ञ. समूहको आयआर्जनमा वृद्धि हुने खालका कार्यक्रमहरू तयार गरी सञ्चालन गर्ने गराउने ।

ट. आफूले पनि स्वयम् हेरचाहको कार्यलाई नमूनाको रूपमा गर्ने ।

ठ. समूहको वार्षिक बजेट तयार पार्ने, वार्षिक प्रतिवेदन बनाई साधारण सभामा पेश गर्ने र लेखा परीक्षण गराउने ।

ड. स्वयम् हेरचाह सदस्यहरुको मानसिक, शारिरिक, सामाजिक तथा आर्थिक असर्मथताको पाटोलाई न्यूनीकरण गर्न, उनीहरुको जीवन पद्धतिमा सुधार ल्याउन, स्वस्थ्यकर जिवनयापन विताउन तथा समुदायमा घुलमिल/पुर्नस्थापना गर्ने कार्यमा सहजीकरण गर्ने ।

ढ. उपेक्षित उष्ण-प्रदेशीय रोगहरु सम्बन्धी दिवस मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने ।

ण. उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने ।

त. वार्षिक रुपमा आन्तरिक लेखा परिक्षण गरि साधारणसभामा पेस गर्ने ।

थ. कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

## (६) कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार

क. समूहको नियमित बैठकमा भाग लिई स्वयम् हेरचाह गर्ने तथा गराउने ।

ख. उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित दिवस मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने ।

ग. उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने ।

घ. समितिको बैठकमा नियमित रूपमा उपस्थित भई छलफलमा सक्रियपूर्वक भाग लिने र आफ्नो राय सल्लाह दिने ।

ङ. कार्यसमितिबाट निणर्य गरी लिएको जिम्मेवारी पूरा गर्ने ।

च. समुहका सदस्यहरुले नियमित रूपमा स्वयम् हेरचाह गरे नगरेको हेर्ने यदि नगरेको समितिमा सो कुराको जानकारी गराउने ।

छ. समूह प्रति सकारात्मक धारणा राख्ने ।

ज. पदाधिकारीहरूको कार्यमा आवश्यक परेमा सहयोग गर्ने ।

झ. समूहलाई बलियो बनाउन रचनात्मक कार्यहरू गर्न समितिलाई उत्प्रेरित गर्ने ।

ञ. समूहमा त्यस्तो केही बिवाद आइपरेमा समाधान गर्ने सहयोग पुर्‍याउने ।

ट. समूहप्रति सकारात्मक बन्ने र समूहको बैठकमा नियमित उपस्थित भई आफ्ना बिचारहरू राख्ने ।

ठ. आफूले पनि स्वयम् हेरचाहको कार्यलाई नमूनाको रूपमा गर्ने ।

ड. आवश्यकता अनुसार समूहको अन्य उपसमितिमा रही जिम्मेवारी बहन गर्ने ।

ढ. कार्य समितिले तोकेको अन्य काम गर्ने ।

## १९. सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका, स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखाको भुमिका

क. गठित स्वयम् हेरचाह समुहको क्षेत्र भित्र पर्ने तालिम प्राप्त सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरु मार्फत स्वयम् हेरचाह गर्न सिकाउने,

ख. उपेक्षित उष्ण प्रदेशीय रोग मध्ये कुष्ठरोग, हात्तीपाईले र सर्पदशंबाट प्रभावित व्यक्तिहरुमा हुने भेदभाव तथा लाञ्छना विरुद्धका कृयाकलापहरुमा अभियन्ताको रुपमा काम गर्ने

ग. रोग लागेर पनि समाजमा लान्छानको डरले लुकेर वसेका व्यक्तिहरुलाई खोजी गरी समुहमा आवद्ध हुन प्रेरित गर्ने,

घ. संकास्पद व्यक्तिहरुलाई समुह वा स्वास्थ्य संस्थामा प्रेषण गर्ने र समुह तथा संस्था विच पुलको रुपमा काम गर्ने;

ङ. समूहको कार्य सञ्चालन जस्तैः स्वास्थ्य परीक्षण, स्वयम् हेरचाह तथा आय आर्जनका गतिविधिहरुमा सहजीकरण गर्न स्थानीय स्वास्थ्य संस्थाको १ जना कर्मचारीलाई फोकल पर्सनको रुपमा तोकी मासिक रुपमा अनुगमन गर्ने र समूहको तर्फबाट १ जना स्वयम् सेवक छनौट गरी समूहका सदस्यहरुलाई स्वयम् हेरचाह गर्न सिकाउने र नयाँ विरामीहरुलाई स्वयम् हेरचाह सिकाउनका लागी घरदैलो कार्यक्रममा परिचालन गर्ने;

च. स्वयम् हेरचाह समूहको आय आर्जनका गतिविधिहरु सहयोग पुर्याउन तथा श्रोत जुटाउन गाउँपालिका भित्रका विषयगत शाखामात्र नभई अन्य सहयोगी निकाय समक्ष स्वास्थ्य शाखा प्रमुखले समन्वय गर्ने;

छ. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखले समूहको चौमासिक रुपमा अनुगमन गर्ने र आवश्यकता अनुसार वार्षिक प्रतिवेदन तयार गरी गाउँसभामा पेश गर्ने।

ज. गाउँपालिकाको स्वास्थ्य शाखाले कुनै विषेश कारणवस कुनै समुहको साधारणसभा तोकीएको समयमा हुन नसकी म्याद थपका लागी अनुरोध भई आएमा औचित्यताको आधारमा साधारणसभाको म्याद थप गर्न सक्नेछ ।

**२०. संरक्षक समितिः** संरक्षक समिति ५ सदस्यिय रहनेछ।

क. गाउँ प्रमुखः- संयोजक

ख. गाउँ उप-प्रमुखः- सह-संयोजक

ग. प्रमुख प्रशासकिय अधिकृतः- सदस्य

घ. सामाजिक विकास समितिको संयोजकः- सदस्य

ङ. स्वास्थ्य शाखा प्रमुखः- सदस्य सचिव

**२१. संरक्षक समितिको काम, कर्तव्य तथा अधिकार**

च. आफ्नो गाउँपालिका क्षेत्रभित्र उपेक्षित उष्ण प्रदेशीय रोग मध्ये कुष्ठरोग, हात्तीपाईले र सर्पदशंबाट प्रभावित व्यक्तीहरु तथा उपचारमा रहेका व्यक्तीहरुको अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन, अपाङ्गता हुनबाट जोगाउन, भेदभाव तथा लाञ्छना हटाई सामाजिक रुपले पुर्नस्थापना गराउन लुकेर बसेका रोगीहरुलाई उपचारमा ल्याउन प्राथमिकताको क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुको लागि स्वयम् हेरचाह समुहलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने।

छ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएका गाँउपालिका तथा

गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

ज. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित संघिय, प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने । जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

झ. स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको (Wider Social Determinants of Health) कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूणर् व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र लामखुट्टेबाट लाग्ने रोगहरुवाट वच्न रोकथामका उपायहरु बारे प्रचार प्रसार गर्ने ।

ञ. गाउँपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने । प्रेषण प्रणालीलाई क्रियाशील बनाउन तथा ब्यवस्थित गर्ने र सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने ।

## परिच्छेद चार

## आर्थिक व्यवस्थापन

२२. **हित कोष**: देहाए बमोजिमका श्रोतबाट प्राप्त रकमहरु रहेको संस्थाको आफनो छुट्टै हित कोष हुनेछ ।

क. गाउँपालिकाबाट प्राप्त हुने नियमित सहयोग
ख. समुहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क
ग. सरकारी तथा गैर सरकारी संस्थाबाट कानुन बमोजिम प्राप्त हुने अनुदान
घ. समूहको सदस्यले बचत गर्ने मासिक बचत र सोबाट प्राप्त व्याज रकम
ङ. कुनै व्यक्ति बिशेषबाट प्राप्त सहयोग रकम
च. स्थानीय स्तरमा कोष बृद्धिका लागि गरिएका क्रियाकलापबाट प्राप्त भएको रकम
छ. कानुन बमोजिम प्राप्त अन्य आम्दानी ।

**२३. हित कोष** : प्रत्येक स्वयम् हेरचाह समूहको एउटा हित कोष हुनेछ । समूह सदस्यको आय-आर्जनको लागि सो रकम हित कोष को रुपमा परिचालन गरिनेछ ।

**२४. हित कोषको परिचालन** :

क. हित कोष को रकमको कम्तिमा ७० प्रतिशत आयआर्जनका कार्यमा सञ्चालन गर्नु पर्नेछ ।

ख. समूहको सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्नेछ ।

ग. सदस्यले ऋण माग गर्न अनुसुची-५ अनुसार निवेदन दिनु पर्नेछ र अनुसुची-६ अनुसारको तमसुक संस्थाले भराउनु पर्नेछ ।

घ. आय आर्जनका लागी लिईएको ऋणमा समुहले तोके बमोजिम न्यूनतम मासिक ब्याज लाग्नेछ ।

ङ. आकस्मिक उपचार कार्यका लागी लिईएको रकम वापत समूहले तोकेको सर्त सहित फिर्ता गर्नु पर्नेछ ।

च. कोषबाट प्राप्त हुने ऋण बढीमा १ बर्ष सम्मको हुनेछ ।

छ. सामाजिक बिकृतिलाई वढावा दिने, सामाजिक एकतामा आँच आउन सक्ने र कानुनले वर्जित गरेका व्यवसायमा लगानी गर्न पाइने छैन ।

ज. समूहलाई पायक पर्ने बैंकमा समूहको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

**२५. लगानी सुरक्षण** :

क. कुनै पनि सदस्यले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम् ९०% सम्म मात्र लिन पाउनेछ ।

ख. यदि सदस्यले नाममा संकलित हितकोषको ९०% भन्दा वढि रकम लिनु पर्ने भएमा सोही समूहका अन्य सदस्य दुई जना सदस्यको सामुहिक जमानीमा ९०% रकम दिन सक्नेछ ।

ग. ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेको सदस्य मार्फत असुल उपर गरिनेछ ।

घ. यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारवाही प्रक्रिया अगाडी बढाईनेछ ।

ङ. रकम लगानी एवं असुल उपर गर्न ३ सदस्यिय १ उपसमितति गठन गरिनेछ जसले रकम लगानी तथा असुल उपरका लागी स्वीकृति दिने कार्य गर्नेछ ।

च. हित कोष परिचालनमा कार्य समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छैन ।

**२७. आय व्ययको अनुमोदन** : प्रत्येक समूहले अनुसुचि १३ मा उल्लेख भए बमोजिम आम्दानी खर्चको विवरण तयार पारी साधारण सभामा सभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नु पर्दछ ।

## परिच्छेद पाँच

## विविध

**२८. निर्वाचन सम्वन्धी व्यवस्था**: यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको वैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ । निर्वाचन अधिकृत नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचनका मान्य सिद्दान्त बमोजिम निर्बाचन सम्पन्न गराई सक्नु पर्नेछ ।

**२९. उम्मेदवारको अयोग्यता** : देहाएका व्यक्तिहरु कार्यसमितिको उम्मेदवार हुन अयोग्य मानिने छन्

क. सदस्य हुनको लागि कार्यविधि बमोजिम योग्य भएको तर गाउँपालिका क्षेत्र भित्र बसोबास नभएमा

ख. स्वयम् हेरचाह समुहमा आवद्ध नभएमा।

ग. समूहको उद्देश्य विपरित कार्य गरेको प्रमाणित भएमा।

घ. मानसिक सन्तुलन ठीक नभएमा ।

ङ. नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट सजाए पाएमा।

**३०. अविश्वासको प्रस्ताव** :

क. साधारण सभाको सदस्यहरु मध्येबाट एक चौथाई सदस्यहरुले कार्य समितिको कुनै सदस्य वा पदाधिकारी उपर विश्वास छैन भनी अविश्वासको प्रस्ताव दर्ता गरेमा सो प्रस्ताव उपर साधारण सभामा छलफल हुँदा कुल सदस्य संख्याको २ तिहाइ बहुमतबाट प्रस्ताब पारित भएमा निज पदाधिकारी वा सदस्य आफ्नो पदीय जिम्मेवारीबाट मुक्त हुनेछ।

ख. यस दफा बमोजिम अविश्वासको प्रस्ताब माथि आफ्नो भनाई राख्ने प्रयाप्त मौकाबाट कुनै पदाधिकारी वा सदस्यलाई बन्चित गरिने छैन।

**३१. राजिनामा** : यस समूहको अध्यक्ष बाहेक कुनै पदाधिकारी वा सदस्यले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष र अध्यक्षले आफ्नो पदबाट राजिनामा दिन चाहेमा कार्यसमिति समक्ष लिखित राजिनामा दिन सक्नेछन्। राजिनामा स्वीकृत नभए सम्म आफ्नो पदमा बहाल रहि रहनेछन्।

**३२. कार्यविधि संशोधन**: यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन वा परिमार्जन गर्न सक्नेछ। संसोधित कार्यविधि स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**३३. उप-समितिहरु गठन गर्ने**: कार्य समितिले साधारण सभाबाट स्विकृत लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्त गर्न आवश्यकता अनुसार उप-समितिहरु गठन तथा विस्तार गर्न सक्नेछ।

**३४. विघटन** :

क. गाउँपालिकाले समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा उद्देश्य प्राप्त गर्न असफल भएमा वा लगातार नबिकरण नभएमा त्यस्ता समूहलाई विघटन गर्न सक्नेछ।

ख. यसरी समूह विघटन भएमा समूह सदस्यबाट भएको वचत रकम र सो को ब्याज सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्नेछ र हित कोषको रुपमा रहेको रकम गाउँपालिका वा अन्य संघ संस्थाबाट प्राप्त रकम सबै गाउँपालिकाको कोषमा जम्मा हुनेछ। समूहको अचलसम्पत्ति गाउँपालिकाको हुनेछ।

**३६. समूह छोड्नु पर्ने अवस्था/सदस्यको मृत्यु/सदस्यले पाएका अवशर** :

क. कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको कोषको रकमबाट ३ प्रतिशत रकम कट्टा गरी बाँकी रकम समुहले भुक्तानी गर्नु पर्नेछ।

ख. यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम प्रचलित कानुनले तोके बमोजिम निजको सवभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता गर्नु पर्नेछ।

ग. समूहले कुनै पनि सघं/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसरहरु आवश्यकता हेरी समूहको वैठकबाट निर्णय गराई पालै-पालो सवै सदस्यले पाउने गरी वितरण गर्नु पर्नेछ।

(दफा '५' को उप-दफा 'च' बमोजिम)

**अनुसुची-१**



कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## फारम नं. १

**जिल्ला:-**

१. दर्ता नं. :-
२. समूहको नाम :-
३. समूहको किसिम :-
४. समूहको ठेगाना :- ………………………..न.पा./गा.पा. वडा नं……….
५. गठन मिति :-…… महिला………………… पुरुष…………..
६. कुष्ठरोगी तथा प्रभावितको संख्या…………
७. हात्तीपाईलेको संख्या………………….
८. अन्य उपेक्षित उष्ण-प्रदेशीय रोगबाट प्रभावित व्यक्ति………………..
९. उपेक्षित उष्ण प्रदेशीय रोग मध्ये कुष्ठरोग, हात्तीपाईले र सर्पदशंबाट प्रभावित भई अपागंता भएका व्यक्ति………..
१०. अति विपन्न
११. अन्य………………

समूहको मुख्य उद्देश्य:-

## फारम नं. २

### आर्थिक वर्षको अन्तमा सदस्य संख्याको स्थिति

| आर्थिक वर्ष | सदस्य संख्यामा थपघट | जम्मा वचत कोष | सदस्यद्वारा जम्मा भएको कोषको मौजुदा स्थिति | थप/घटको कारण |
|---|---|---|---|---|
| | | | | |

## फारम नं. ३

### समुहको हित कोषको बार्षिक स्थिति

| आर्थिक वर्ष | गत बर्षको रकम रु. | वचत कोषमा थप/घटको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| **नोटः** यो फारम आ.व.को पहिलो दिन (श्रावण १ गते) सम्बन्धित आर्थिक/स्वास्थ्य शाखाद्वारा अनिवार्य रुपमा अद्यावधिक बनाई राख्नुपर्छ। | | |

## फारम नं. ४

### समूहले पेश गर्नु पर्ने चौमासिक विवरण

चौमासिक अवधि :- प्रथम/द्धितिय/तृतिय

न.पा. : -                                                  वडा नं. :-

स्वयम हेरचाह समूहको नाम :-

सदस्यहरुको संख्या :-

नियमित रुपमा स्वयम् हेरचाह गर्ने सदस्यहरुको संख्या:-

समूहमा नयाँ सदस्यहरु थपिएको संख्या:-

मासिक रुपमा स्वास्थ्य सम्वन्धी छलफल भएको विषय:-

आय आर्जनका लागी लगेको जम्मा सदस्य संख्या:-

व्याज वा सावाँ वुझाउने सदस्यहरुको संख्या:-

प्राप्त सहायता जम्मा रु. :-

क) ……………………….

ख) ……………………….

ग) ……………………….

जम्मा लगानी :-

यस चौमासिकको बचत (कुल आम्दानी – लगानी खर्च) रु. :

यस आ.ब.मा खुद आम्दानी (कुल आम्दानी – लागत खर्च) रु. :-

कैफियत

(दफा '५' को उप-दफा 'च' बमोजिम)

**अनुसुची-२**

**समूह दर्ताको निवेदन**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

श्री ............................................................
कञ्चन गाउँपालिका, कञ्चन, रुपन्देही ।

श्री...................................................................शाखाको सहयोगमा म/हामी आफै संगठित भई कञ्चन गाउँपालिका न.पा. वडा नं ............................मा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपी सहित यो निवेदन पेश गरिएको छ ।

| समुहको छाप |
|---|

.
..........
..........
.....
समूहको अध्यक्षको दस्तखत
मिति:-
सम्पर्क नं.:-
ठेगाना:-

**समुहको विवरण**

स्वयम हेरचाह समूहको नाम.....................................................स्थापना बर्ष-..........
गाउँपालिकाको नाम-.......................................... वडा नं-.............. टोल-......................
समुहको उदेश्य-..................................................................
सदस्य संख्या- ...........पुरुष-................महिला-...................
जम्मा-.....................
पदाधिकारीको नाम-

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

| क्र.सं. | नाम | पद | रोग तथा अपागंताको प्रकार | उमेर | सम्पर्क नम्वर | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नियमित बैठक बस्ने दिन-..............................

प्रति महिना समूहको हित-कोषमा संकलन हुने रकम रु-.................................

हाल सम्म हित-कोषमा जम्मा रकम रु-..............................

समुहको अध्यक्षको सहि...........................

## समूहका साधारण सदस्यको विवरण

समूह सदस्य रहेको सवै सदस्यहरुको विवरण सम्वन्धित सदस्यलाई नै सोधेर लेख्नु पर्दछ। विवरण हेरफेर भएपछी पुन: तयार गरि नियमित रुपले सच्याउनु पर्दछ।

**समूहको नाम :**

| क्र.सं. | सदस्यको नाम | वडा नम्वर | गाउ/ टोल | उमेर | रोग तथा अपागंताको प्रकार | मुख्य पेसा | परिवार संख्या | मोवाईल नम्वर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(दफा ‘५’ को उप-दफा ‘ठ’ बमोजिम)

## अनुसुची-३

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्वयम् हेरचाह समूह दर्ता प्रमाण पत्र**

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै स्वयम् हेरचाह-मार्फत अपाङ्गता हुनबाट बच्न, सामाजिक रुपमा पुनर्स्थापना गर्न र आय आर्जनबाट गरीबी न्यूनीकरण गर्ने कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस जिल्लाको कञ्चन न.पा. वडा नं..........मा मिति.................... मा गठित............................................................ स्वयम् हेरचाह समूहलाई यस कार्याकालको अभिलेख दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

**.......................…**

**................................…**

**स्वास्थ्य शाखा प्रमुख** **प्रमुख प्रशासकिय अधिकृत**

**(स्वयम् हेरचाह समूह दर्ताको प्रमाण पत्रको पछाडी पानामा राख्ने)**

| क्र.सं. | नविकरण मिति | | कंफियत |
|---|---|---|---|

कञ्चन गाउँपालिका राजपत्र

| | देखि | सम्म | नविकरण गर्ने कार्यालय प्रमुख | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

(दफा '९' बमोजिम)

**अनुसुची -४**

**सदस्यताका लागि आवेदन फाराममको नमूना**

मितिः..............................

श्रीमान अध्यक्ष ज्यू

...................................स्वयम् हेरचाह समूह

महोदय

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्न इच्छा भएकोले नियमानुसार सदस्यता प्रदान गर्न हुन विनम्र अनुरोध गर्दछु।

**विवरण**

नाम:-

बाबुको नाम:-

ठेगाना:-

रोग तथा अपागंताको प्रकार:-

**समुह सदस्यताको लागी सिफारीस:-**

१-नाम:-

दस्तखत:-

२-नाम:-

दस्तखत:-

निवेदक

नाम-……………………………..

दस्तखत-

(दफा '२४' को उप-दफा 'ग' बमोजिम)

**अनुसुची -५**

**ऋण माग फारमको नमूना**

मिति:…………………………..

श्रीमान अध्यक्ष ज्यू

……………………………………….

**विषय: ऋण उपलब्ध गराई दिने सम्वन्धमा**

महोदय,

उपरोक्त सम्वन्धमा मलाई ………………………………………………………… कामको लागी आवश्यक परेको रु. …………………… (अक्षरुपी……………………………………………..मात्र) समूहमा रहेको हित-कोषबाट ऋण उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु। साथै यसै निवेदन साथ जमानी सदस्यहरुको सिफारिस पेश गरेको छु। नियमानुसार रु………….. (अक्षरुपी………………………………...मात्र) ऋण किस्ता, मासिक ब्याज, मासिक बचत नियमित रुपले प्रत्येक महिना बुझाउने छु।

**जमानी सदस्यहरु**

१) नाम

दस्तखत

ठेगाना

२) नाम

ठेगाना

दस्तखत

**निवेदक**

नाम

दस्तखत



कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**समुह/कार्यालय प्रयोजनका लागी**

ऋण रु. ................(अक्षरुपी.............................................मात्र)

मासिक किस्ता रु. ................ (अक्षरुपी.................................मात्र)

उपलब्ध भएको मिति

उपलब्ध भएको चेक नं.......................................................

...................... ....................... ....................

कोषाध्यक्ष सचिव अध्यक्ष

(दफा '२४' को उप-दफा 'ग' बमोजिम)

## अनुसुची -६

### तमसुकको नमूना

लिखित जिल्ला........................गा.पा./न.पा. ................ वडा नं. .....बस्ने ... ......... छोरा/छोरी/पत्नि वर्ष..........को..........................श्री..................स्वयम् हेरचाह समूहबाट निर्धारण गरिएको व्याज दर अन्य शर्त (नियम)का अधिनमा रही आय आर्जनका कृयाकलाप/ आय आर्जनका कृयाकलापमा सहयोग पुर्याउने सीप विकास तालिम/ औजार उपकरण खरिद/ पारिवारिक छात्रवृत्ति, रोजगारी तथा शारिरीक पुनर्स्थापना र आकस्मिक उपचार गर्ने..................... कार्य गर्नका निमित्त सापटी (ऋण) नगद रु. ............... (अक्षरुपी .........................मात्र) यस समूहको.................बैंक शाखा कार्यालय.........स्थित रहेको खाता ........................... चेक नं. ........................ ... ................... बाट बुझिलिई भाखा राखी तपशिल बमोजिम लेखिएका साक्षी र वडा कार्यालयको रोहवरमा यस समूहको कार्यालयबाट बुझिलिएको ठिक साँचो हो माथी लेखिएको कबुलियत गरिएको भाखा भित्र सावा व्याज तिर्न बुझाउन सकिन भने मेरो चल अचल सम्पत्तीबाट नेपाल सरकारको ऐन कानुन बमोजिम असुल उपर गरी लिएमा मेरो मन्जुरी छ। तपशिल साक्षि किनारा सदर।

**तपशिलः**

रुपन्देही जिल्ला कञ्चन न.पा. वडा नं. ........... बस्ने वर्ष............. को श्री........................ ................................

रुपन्देही जिल्ला कञ्चन न.पा. वडा नं. ........... बस्ने वर्ष............. को श्री........................ ................................

**वडा कार्यालयको तर्फबाट**

रुपन्देही जिल्ला कञ्चन न.पा. वडा नं. ........... बस्ने वर्ष............. को श्री........................ ................................

ईति सम्वत् २०……साल…………महिना……………गते रोज…………मा शुभम्

## अनुसूची -७
### मासिक हित-कोष संकलन फारम

समूहको नाम:

साल:

| क्र. सं. | नाम थर | मासिक जम्मा रकम रु. | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वैसाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

## अनुसूची -८
### समूहको लगानी विवरण

समूहको नाम:

| क्र. सं. | लिने व्यक्तिको नाम | ठेगाना | उद्देश्य | रकम | लिएको मिति | रकम वुझाउने मिति | लिनेको सही |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

## अनुसूची -९
### समूहको ऋण असुली फारम

समूहको नाम:

| क्र. सं. | नाम थर | ठेगाना | ऋण लगेको मिति | सावा रु. | व्याज रु. | जम्मा | बुझ्नेको नाम | बुझेको मिति | रकम बुझ्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

## अनुसूची - १०
### सम्पत्ति (नगद तथा जिन्सी) खाता

२०……….. साल……….. महिना

| मिति | विवरण | जम्मा रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| | | | | |



कञ्चन गाउँपालिका स्थानीय राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | जम्मा | | | |

## अनुसूची - ११
### सामान विक्रि तथा आम्दानी खाता

२०.......... साल.......... महिना

| मिति | विवरण | आम्दानी रकम रु. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | जम्मा | | |

## अनुसूची - १२
### सामान खरिद तथा खर्च खाता

२०.......... साल.......... महिना

| मिति | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | जम्मा | | |

## अनुसूची - १३
### आय व्ययको विवरण खाता

२०.......... साल.......... महिना

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

| मिति | विवरण | आम्दानी | खर्च | मौन्दात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

## अनुसुची - १४

### स्वयम् हेरचाह समूहबाट सञ्चालन गरिने बार्षिक कार्यक्रमको लागी नमूना ढाँचा

समूह/संस्थाको नाम:

आर्थिक वर्ष :

समिति/उपसमिति :

| क्र. सं. | आयोजनाको नाम | लक्ष्य | के गर्ने | | | | समय | अवधि | कहाँ गर्ने | प्रमुख जिम्मेवारी | अनुगमन तथा मूल्यांकन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूहको हित कोष | समूहका सदस्यको बचत | बाह्य श्रोत | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०८०/०९/२२**

आज्ञाले,

सागर गौतम

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिका स्थानीय राजपत्र